# महालक्ष्मी विकास बैंक लि.
# Mahalaxmi Bikas Bank Ltd.

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

## महालक्ष्मी विकास बैंक लिमिटेडको
# घर/जग्गा खरिद गर्ने बारे १५ दिने सूचना

प्रकाशित मिति २०७९/०३/०९ गते

यस बैंकलाई केन्द्रीय कार्यालयको लागि तपसिल बमोजिमको घर/जग्गा खरिद गर्न आवश्यक भएकाले घर/जग्गा बिक्री गर्न ईच्छुक व्यक्ति/संघ संस्थाहरुबाट तपसिलमा उल्लेखित शर्त बन्देजहरुको अधिनमा रहि बिक्री प्रस्ताब पेश गर्नु हुन अनुरोध गर्दछौं ।

**खरिद गर्न चाहेको घर/जग्गाको बिवरण :-**

| जिल्ला | स्थान | क्षेत्रफल |
|---|---|---|
| काठमाण्डौं | चक्रपथसँग जोडिएको वा चक्रपथ भित्रको घर वा जग्गा ( महाराजगंज, बालुवाटार, लाजिम्पाट, नक्साल, कमलपोखरी, विशालनगर, अनामनगर, दरबारमार्ग, कान्तिपथ, पुतलीसडक, कमलादी, हात्तिसार, नागपोखरी, गैह्रिधारा, ज्ञानेश्वर, नयाँबानेश्वर क्षेत्र ) लाई बिशेष प्राथमिकता दिईनेछ । | चक्रपथसँग जोडिएको वा चक्रपथ भित्र २ रोपनी देखि ४ रोपनी सम्म । घर कम्तिमा ३०,००० वर्ग फिट क्षेत्रफल रहेको र पर्याप्त पार्किङ्ग सुविधा भएको हुनु पर्नेछ । |

**शर्त तथा बन्देजहरु :**

१. बैंकले निर्धारण तथा प्रमाणित गरेको सक्कल बोलपत्र फाराम बैंकबाट लिई सोहि बमोजिम पेश गरिएको हुनु पर्नेछ । प्रतिलिपी वा फोटोकपीमा भरिएको बोलपत्रलाई मान्यता दिइने छैन । बोलपत्र फाराम यस बैंकको केन्द्रीय कार्यालयको सामान्य सेवा विभाग, थापाथलीबाट रु १०००/( एक हजार मात्र ) फिर्ता नहुने गरि यस बैंकको खाता नं. ९९९–५०५०५००००५० मा जम्मा गरिएको सक्कल भौचर पेश गरि यो सूचना प्रकाशित भएको मितिले १५ औं दिनको कारोबार समय सम्म खरिद गर्न सकिनेछ ।

२. प्रस्तावित जग्गामा बैंकको आवश्यकता अनुसार घर निर्माण गर्न मिल्ने हुनु पर्नेछ ।

३. घरको सम्बन्धमा घरको नक्सा, सम्बन्धीत निकायबाट निर्माण सम्पन्न पत्र दिएको, भुकम्प प्रतिरोधी, हुनु पर्नेछ ।

४. शिलबन्दी प्रस्तावका साथ बिक्री गरिने घर जग्गाको जग्गाधनी दर्ता प्रमाणपत्रको प्रतिलिपी, निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपी एवं बिक्री मुल्य समेत अंक र अक्षरमा स्पष्ट खुलाई प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. बिक्री गरिने घर/जग्गाको चालु आर्थिक वर्ष सम्मको मालपोत, पूँजीगत लाभकर सम्बन्धित बिक्रेताले नै तिर्नु पर्नेछ ।

६. घर/जग्गामा जाने बाटो पेटी बाहेक कम्तीमा ८ मिटरको हुनु पर्नेछ र उक्त बाटो फिल्ड तथा नापी नक्सामा समेत स्पष्ट हुनु पर्नेछ । साथै उक्त जग्गामा कुनै पनि किसिमको कानूनी तथा व्यवहारिक समस्या नभएको हुनु पर्नेछ ।

७. जग्गाधनी दर्ता प्रमाणपत्रमा उल्लेखित जग्गाको क्षेत्रफल र फिल्डमा नाप जाँच गर्दा एकिन भएको क्षेत्रफल मध्ये जुन कम हुन्छ सोही क्षेत्रफल कायम गरिनेछ ।

८. पेश हुन आएको प्रस्तावमध्ये बैंकलाई उपयुक्त लागेको प्रस्तावका सम्बन्धमा थप छलफलको लागि सम्बन्धित जग्गाधनीलाई सम्पर्क गरिनेछ भने उपयुक्त नलागेको प्रस्तावका सम्बन्धमा कुनै जानकारी दिइने वा सम्पर्क गरिने छैन ।

९. एक वा एक भन्दा बढी जग्गाधनी भएमा निजहरुले संयुक्तरुपमा पनि प्रस्ताब पेश गर्न सक्ने छन् ।

१०. जग्गाधनीको नागरिकताको फोटोकपी, संघ संस्था, फर्म वा कम्पनी भए दर्ता प्रमाणपत्र, स्थाई लेखा नम्बर तथा संचालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

११. म्याद नाघि वा रीत नपुगी आएको प्रस्तावपत्र उपर कुनै कारबाहि हुने छैन ।

१२. यस सम्बन्धमा थप कुनै जानकारी आवश्यक भएमा बैंकको केन्द्रीय कार्यालय, थापाथली स्थित सामान्य सेवा विभागमा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ ।

१३. बैंकको हितमा कुनै पनि शीलबन्दी प्रस्ताव कारण देखाई वा नदेखाई स्वीकृत गर्ने/नगर्ने अधिकार यस बैंकमा निहित रहनेछ ।

**शिलबन्दी प्रस्ताव पेश गर्ने अन्तिम मिति : २०७९/०३/२३ गते बिहीबार**

**खोलिने मिति : २०७९/०३/२४ गते शुक्रबार दिनको ३ बजे ।**

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौं
फोन नं. ०१-४२६८१५३, ४२६८७१९

**सामान्य प्रशासन विभाग,** थापाथली, काठमाण्डौं
फोन नं. ०१-५९११५१९/२०

सबल बैंक, सफल सहकार्य

size: 3x23